# नीति तथा कार्यक्रम

ललितपुर जिल्लाको दक्षिणी क्षेत्रमा रहेको साविकका ५ वटा गाउँ विकास समितिहरु चौघरे, शंखु, दलचोकी, नल्लु, र भारदेउ लाई समेटेर यो कोन्ज्योसोम गाउँपालिका गठन भइ हाल निर्वाचित जनप्रतिनिधीहरु वाट स्थानीय तहको नेतृत्वमा सञ्चालन भएको छोटो अवधि भएको र हाल गाउँपालिकाको दीर्घकालीन आवधिक योजना तर्जुमा नभए सम्म यस गाउँपालिकाको **"कृषि, पर्यटन, जनशक्ति विकास र पुर्वाधार : समृद्ध र समुन्नत कोन्ज्योसोम विकासको आधार"** भन्ने दुरदृष्टि तय गर्दै अपेक्षित रुपमा गाउँपालिकाको विकासका लागि तेस्रो गाउँ सभामा तपशिल वमोजिम विषयगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने नीति लिइनेछ ।

भौतिक पूर्वाधार विकासतर्फ :

१) गाउँपालिकालाई हालको अवस्थावाट अपेक्षित अवस्थामा पुर्‍याउन र विगतको विना योजना रकम विनियोजन र खर्च गर्ने प्रवृतिलाई निरुत्साहित गर्न र योजना र कार्यक्रमलाई एउटा निश्चित ढाँचामा व्यवस्थित गर्न आगामी आ.व.को प्रारम्भमा नै कोन्ज्योसोम गाउँपालिकाको पाँच वर्षे आवधिक योजना तयार गरी गाउँपालिकाको विकासको दीर्घकालिन योजना तयार गरिने छ । सो तयार भएपछि गाउँपालिकाको योजना तथा कार्यक्रमहरुमा सोहि Periodic Plan अनुसार बजेट विनियोजन गरी खर्च गरिने नीति लिइनेछ ।

२. स्थानीय तहको कार्यक्रम तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ वमोजिम वस्तीस्तरवाट नागरिकको अधिक्तम सहभागिता सुनिश्चित गराई योजना र कार्यक्रम पहिचान, छनोट तथा सम्वन्धित वडा समितिवाट भएको प्राथमिकिकरणमा वडास्तरका योजनाहरुलाई कार्यान्वयन गर्ने नीति लिइने छ । गाउँपालिकास्तरीय एवम अन्य निकाय एवम नेपाल सरकार समक्ष पेश गर्ने योजनाहरु समेत वडा समितिको प्राथमिकीकरणमा वार्षिक योजना तथा कार्यक्रममा समावेश गरिनेछ ।

३) वस्ती तथा टोलवाट पहिचान एवम संकलन भइ वडासमितिको प्राथमिकता एवम निर्णय वाट छनौटका लागि सिफारिश भएका वडास्तरीय योजनाहरु कार्यन्वयन तथा कार्यालय सञ्चालनार्थ आगामी आ.व. ०७५/०७६ मा रु.४९,००,०००/-(उनन्चास लाख) मात्र (चालु ९०००००। र पुजीगत ४००००००।) र केही वडा लाई राजश्व वाँडफाँड वाट जनसंख्या र भुगोलको

आधारमा सानो अंक थप रकमका रुपमा वजेट सिलिङका साथ आवश्यक मार्गदर्शन समेत साथै उपलव्ध गराइनेछ ।

४) वडास्तरीय योजनाहरु संचालन गर्दा जनसहभागितालाई जोड दिई योजना कार्यान्वयन गर्ने नीति लिइएको छ ।

५)गाउँपालिका भित्रका क्षेत्रलाई कृषि क्षेत्र, औधोगिक क्षेत्र, आवासिय क्षेत्र छुट्याई सडकमा गरिने लगानी लाई प्राथमिकिकरण एवम व्यवस्थित गर्न, वस्तीहरुलाई सुन्दर र सुरक्षित वनाउन तथा जनताको सहभागितामा सडकहरुको सडक अधिकार क्षेत्र निर्धारण गर्न आगामी आ.व.मा आवश्यक श्रोतको व्यवस्थापन गरि **गाउँपालिकास्तरीय यातायात गुरुयोजना** (RMTMP) निर्माण गरिनेछ । गुरुयोजना निर्माण भई स्वीकृत नभए सम्मका लागि गाउँपालिका भित्र पर्ने क्षेत्रीय रणनीतिक सडकमा सेट व्यक वाहेक १५ मिटर (एकातर्फ), साविकका जिल्लास्तरीय सडकमा १० मीटर, र गाउँपालिका भित्रका अन्य सडकको सडक अधिकार क्षेत्र ६ मिटर कायम गर्ने नीति लिइनेछ ।

६) गाउँपालिका क्षेत्र भित्र संचालन हुने सडकहरुमा ड्रेन निर्माण गर्न प्रोत्साहित गरिनेछ र ड्रेन निर्माण सम्पन्न बाटोलाई पहिलो प्राथमिकतामा राखी कालोपत्रे गर्ने नीति लिइनेछ । र अन्य बाटोहरुमा पनि ग्राभेल गरी सडकको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

७) भुकम्प लगायत विपदको समयमा व्यक्तिका घर तथा सार्वजनिक निकायका भवनहरु भत्कन गइ व्यपक रुपमा धनजनको क्षति हुने तथ्यलाई आगामी दिनमा न्युनिकरण गर्न र वस्तीहरुमा भौतिक पुर्वाधारका संरचनाहरु व्यवस्थित वनाउदै सुन्दर र सुरक्षित घर वनाउन **बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ तयार गरि** क्रमशः कार्यन्वयन गर्दै लगिनेछ र साथै भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रम एवम घर निर्माणका लागि दक्ष कालिगढको तालिम सञ्चालन गरिनेछ ।

८) भू-उपयोग योजनाको कार्यान्वयन सम्बन्धमा देहाय वमोजिम गरिनेछ ।

क) राष्ट्रिय भू-उपयोग नीति २०६९ बमोजिम गाउँपालिका तथा वडास्तरिय भू-उपयोग कार्यान्वयन समितिहरु तत्काल गठन गरी भू-उपयोग योजना तर्जुमा गरिनेछ । यस्तो भू-उपयोग योजना तयार गर्दा राष्ट्रिय भू-उपयोग नीति तथा कार्यान्वयन निर्देशिका २०६९, वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७०,

राष्ट्रिय आवास योजना २०७१, पूर्वाधार सम्बन्धी मापदण्डलाई आधार मानिनेछ । गाउँको बहुप्रकोप जोखिम नक्सांकन तयार भएको भए सो समेतलाई आधार मान्न सकिनेछ ।

ख) स्वीकृत भू-उपयोग योजना बमोजिम वडाको सिफारिश तथा गाउपाँलिकाको स्वीकृती वेगर जग्गा प्लटिङ गर्न नपाईने व्यवस्था मिलाइनेछ ।

ग) स्थानीय तह (वडाको सिफारिशमा गाउँपालिकाको सहमति) को स्वीकृती वेगर यसअघि नै प्लटिङ गरी व्यक्ति व्यक्तिको नाममा घडेरीको रुपमा बिक्री भईसकेको घडेरीहरुमा स्थानीय तहले तोकेको सडक मापदण्ड पुरा गरेको अवस्थामा बाहेक पूर्वाधार विकासको लागि लगानी नगर्ने नीति कडाईका साथ अनुशरण गरिनेछ । सो सम्बन्धी जानकारी आम जनताले पाउने गरी सार्वजनिक सूचना समेत जारी गरिनेछ ।

घ) अब उप्रान्त गाउँपालिकाको स्वीकृती विना कुनै पनि जग्गा प्लटिङ गरेको पाइएमा उक्त जग्गामा विकसित गरिएको घडेरी किनबेचका लागि गाउँपालिका तथा वडा कार्यालयबाट कुनै पनि सिफारिस नगर्ने नीति लिइनेछ ।

माथि उल्लेख भए अनुसार हाल भू-उपयोग योजना तयार नभएकोले सो तयार भएपछि सोही अनुसार गर्ने र भू-उपयोग योजना तयार गर्न श्रोतको व्यवस्था गरि कार्य प्रक्रिया अगाडि बढाउने व्यवस्था मिलाईने छ ।

साथै गाउँपालिकाले प्लटिङ व्यवसायको सम्बन्धमा देहाय अनुसारको सडक मापदण्ड कायम गर्ने सो सम्बन्धमा नापी कार्यालय र मालपोत कार्यालयलाई जानकारी गराई प्लटिङ व्यवसायलाई दर्ता र नियन्त्रणको प्रकृया अगाडि बढाइने नीति लिइने छ ।

मापदण्डः-

क) गाउँपालिका क्षेत्रमा खोलिने सडकको न्यूनतम चौडाई ६ मीटर हुनु पर्ने नीति लिइनेछ

ख) गाउँपालिका क्षेत्रमा गरिने प्लटिङ्गलाइ व्यवस्थित गर्न अनिवार्य रुपमा सडक, ढल,विद्युत र खानेपानीको व्यवस्था भएको व्यवस्थित किसिमको हुनु पर्ने ।साथै प्लटिङ व्यवसाय अनिवार्य रुपमा गाउँपालिकामा दर्ता हुनु पर्ने नीति लिइनेछ ।

९) गाउँपालिकावाट योजनास्वीकृत नगरी आफू खुशी योजना शुरु गरी निर्माण भईसकेका योजनाहरुमा गाउँपालिकाले आर्थिक व्ययभार गर्ने भनि योजना माग भइ आएमा त्यस्ता योजनाहरुलाई गाउँपालिकाले स्वीकृति नदिने र बजेटको व्यवस्था पनि नगरिने नीति लिइनेछ।

१०) गाउँपालिकाका अन्तर्गत विद्युतिकरण हुन वाँकी स्थानहरुमा विद्युत सेवा विस्तार गर्न **१० : ९० कार्यक्रम**वाट सञ्चालन गर्न प्राथमिकता दिइनेछ भने गाउँपालिकाका प्रमुख स्थानहरुलाई सधैं उज्यालो बनाउन आगामी आ.व. वाटै सोलार प्यानल सहितको सडक बत्ती जडान गर्ने कार्य विस्तारका लागि बैकल्पिक ऊर्जा केन्द्र तथा अन्य इच्छुक सरोकारवाला निकाय सँगको सहकार्यमा अगाडि बढाईने छ ।

११) गाउँपालिकाबाट संचालन हुने विकास तथा पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङकन कार्य व्यवस्थित गरिनेछ साथै योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व स्थानीय निकाय सार्वजनिक परिक्षण कार्यविधि, २०६७ बमोजिम सार्वजनिक परिक्षण पछि मात्र अन्तिम भूक्तानी गरिने नीति लिइनेछ

१२) यस गाउँपालिका क्षेत्र भित्र रहेका ठोस्ने खोला, टुङ्गुन खोला, भारदेउ नल्लु खोला तथा छिमेकी गाउँपालिका संग सिमाना जोडिएका अन्य खोलाको उपयोग तथा व्यवस्थापनका लागि जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा सम्वद्ध निकायको सहयोग र सहकार्यमा पुर्वाधार निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१३) जग्गा विकास (निजी तथा गा.पा.) एवं कित्ताकाट गरी जग्गा बेचबिखन गर्दा घडेरीका लागि ४ आना भन्दा कम जग्गा बेचविखन गर्न नपाइने नीति अवलम्बन गरिनेछ

१४) गाउँपालिकाको शोभा बढाउन, सामाजिक कार्यहरु सञ्चालन गर्न युवा तथा खेल क्षेत्रको प्रर्वद्धन गर्न र आगामी दिनमा नागरिकको व्यस्त जिवनशैली लाई जीवनोपयोगी कार्यमा सदुपयोग गर्नका लागि जग्गाको खोजी गरी आगामी आ.व.मा उपयुक्त स्थानमा एक सामुदायिक भवन, र एक कभर्ड हल निर्माण प्रक्रिया अगाडी बढाईने छ ।

१५) गाउँपालिकावाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट संचालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न चालु आ.व. वाट लागु गरिएकोE-Bidding बाट खरिद कार्य गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

१६) गाउँपालिकामा सवै सेवा प्रदायक निकायको व्यवस्थापन नभए सम्म नापी कार्यालय, मालपोत कार्यालय र गाउँपालिकाको संयुक्त प्रयासमा नापी नक्सा तथा मोठ स्रेस्ताको आधारमा गाउँपालिकामा रहेका फिल्डबुक कायम नभएका सम्पूर्ण ऐलानी पर्ती जग्गाहरु आगामी आ. व. वाटै  पहिचान गरी रेखांकन तथा लेखांकन गरी गाउँपालिकाको नाममा दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

## कृषि तथा वन तर्फ :

१७. यस गाउँपालिका अधिक ग्रामिण तथा कृषि क्षेत्र युक्त भएकोले कृषिको व्यवसायिकीकरण र विविधिकरणका लागि आवश्यक पर्ने मल विउ तथा सिञ्चाई लगायतका सुविधाको व्यवस्था, अर्गानिक वा प्राङ्गरिक खेतीको प्रवर्द्धन गर्न सरोकारवाला निकायको सहकार्य र समन्वयमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. नेपाल कृषि प्रधान देश भएको र यस गाउँपालिका पनि कृषि र पशुपालनका लागि अत्यन्तै सम्भावनायुक्त क्षेत्र भएकोले गाउँपालिकास्तरीय कृषि तथा पशु फर्म स्थापना एवम सञ्चालन, सञ्चालित कृषि प्राविधिक शिक्षालयहरुको थप व्यवस्थित गर्नुका साथै विभिन्न वडाहरुमा सम्भावनाको आधारमा विभिन्न पकेट क्षेत्रको रुपमा विकास गर्न उपयुर्क्त योजना र कार्यक्रम आगामी आ.व. वाटै सञ्चालन गर्ने नीति लिइनेछ । हाल गाउँपालिकामा व्यवसायिक रुपमा गरिने पशुपालनका लागि भैसी वाहिर वाट किनेर ल्याउने प्रचलन रहेकोले गाउँमै पाडापाडी हुर्काएमा पशुविमा लगायत अन्य प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गर्नुका साथै हाल विषयगत कार्यालयको रुपमा कृषि तथा पशु सेवा केन्द्रवाट प्रवाह गरिएको सेवा पर्यप्त नभएकोले आगामी दिनमा गाउँपालिकाका सवै वडामा कृषि तथा पशु सेवाको दीर्घकालीन र प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

## सामाजिक विकासतर्फ नीति

१९) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ लाई पूर्ण रुपमा कार्यान्वयन गर्नको लागि कार्यक्रम संचालन गर्दै जाने नीति अगाडी बढाईने छ । साथै आगामी ४ वर्ष भित्रमा गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउने नीति लिइनेछ ।

२०)गाउँपालिका भित्रका विपन्न वर्गका बालबालिकाहरुको स्वास्थ्य प्रबर्द्धन तथा जन्म दर्ता गर्न पाउने बाल अधिकारलाई संरक्षण गर्न तथा घटना घटे लगत्तै घटना दर्ता गर्नुपर्छ भन्ने सन्देश प्रवाह गराउनका लागि बच्चा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराएमा सम्बन्धित वडा सचिवको सिफारिशमा गाउँपालिकाको श्रोतले सम्भव भए सम्म जन्मदर्ता गराए वापत **रु. ५००। ( पाँच सय) प्रोत्साहन भत्ता** दिने व्यवस्था मिलाइनेछ ।

२१) गाउँपालिका अन्तर्गतका बाल विकास केन्द्र तथा सामुदायिक विद्यालयहरुको अवस्था सुधार गर्दै विपन्न वर्गका बालबालिकाहरुको पहुँच पुग्न सक्ने गरी पूर्वाधार निर्माण व्यवस्थापन तथा गाउँपालिका भित्रका **कक्षा १ सम्मका विद्यार्थीहरुका लागि विद्यालय खाजा जस्ता पोषण कार्यक्रम**हरु संचालन गर्ने नीति लिइनेछ साथै वडा नं. २ मा सञ्चालित विशेष शिक्षा विद्यालयलाई श्रोतले सम्भव भए सम्म सहयोग गरिनेछ ।

२३) प्रत्येकवडा तथा सामुदायिक विद्यालयमा बालमैत्री शासनको अवधारणा अनुरुप बाल क्लबहरु र बाल क्लब संजाल गठन तथा पुर्नगठन गरिनेछ ।

२४) वालवालिका नै भविष्यको कर्णधार र वर्तमानको साँझेदार हुन भन्ने तथ्यलाई केन्द्रमा राखेर वालवालिकाको सर्वाङ्गिण विकास र आन्तरिक पर्यटनको प्रर्वद्धनमा समेत सकारात्मक योगदान पुग्ने र अन्य क्षेत्रलाइ समेत अनुकरणिय कार्यको रुपमा प्रस्तुत गर्न सकिने भएकोले जग्गाको व्यवस्थापन, पर्यप्त सम्भावना आदिको आधारमा ५ वटै वडा तथा पायक पर्ने अन्य उचित स्थानमा **वाल उद्यान** (Children Park) निर्माण गर्ने कार्यलाई समेत उच्च प्राथमिकता द्रिइनेछ

२५) कोन्ज्योसोम गाउँपालिका राजधानीको छिमेकी जिल्ला भए पनि तुलनात्मक रुपमा पिछडिएको ग्रामिण क्षेत्र भएकोले यस क्षेत्रमा शिक्षाको थप महत्व वोध गराउदै गुणस्तरिय शिक्षा हासिल गर्ने प्रतिष्पर्धात्मक वातावरणको सृजना गर्न, तथा समग्रमा वालबालिकाको अधिकारप्रति प्रेरित गर्न सम्बन्धित संघ संस्थाहरुसँग सहकार्यमा विभिन्न प्रर्वद्धनात्मक कार्यक्रम कार्यन्वयन गरिनेछ

जसमा पिछडिएका एवम विपन्न तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न र अन्य वालवालिकामा सकारात्मक प्रतिष्पर्धाको वातावरण सृजना गर्न  राष्ट्रिय बाल दिवस वा कुनै महत्वपुर्ण कार्यक्रमको अवसरमा गाउँपालिकाले उच्च अंक ल्याउने **कोन्ज्योसोम टपर छात्र १, छात्रा १**  लाई एवं प्रत्येक वडामा विद्यालय प्रथम हुने **आधारभुत वि., तथा मा.वि.  का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत** गर्ने नीति लिइनेछ

२६) कोन्ज्योसोम गाउँपालिकामा आजसम्म एउटा पनि क्याम्पस नरहेकाले यस क्षेत्रका विद्यार्थीलाई घरवाटै गाउँपालिकाभित्र उच्च शिक्षा हासिल गर्ने वातावरण निर्माण गर्न गाउँपालिका, तथा सम्वद्ध निकायको सहकार्य तथा समन्वयमा श्रोतको व्यवस्थापन गरि सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ जसवाट हाम्रा कलिला वालवालिका घरआगन वाटै उच्च शिक्षा हासिल गर्ने अवसर उपभोग गर्न सक्षम हुनेछन भन्ने अपेक्षा लिएको छु ।

२७) लैङ्गिक समविकासका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणामा जोड दिदैं गाउँपालिका क्षेत्रमा संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहभागी अनिवार्य गर्नुका साथै प्रमुख पदहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्ने नीतिलाई उच्च प्राथमिकता साथ कार्यन्वयन गरिनेछ । भने हाल नजानिदो तरिकावाट भित्रभित्रै सामाजिक समस्यको रुपमा वढिरहेको लैंगिक हिंसा र त्यस वाट समाजमा पर्ने नकारात्मक असर न्यूनिकरणका लागि सरोकारवाला निकाय तथा संघसंस्थाको सहकार्य र समन्वयमा विविध कार्यक्रम सञ्चालन गरिनेछ

२८) गाउँपालिका भित्रका विपन्न एवम एकल महिलाहरुको क्षमता अभिवृद्धि एवम सिपयुक्तवनाउन आयमूलक, सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउन विभिन्न संघ संस्थाहरुसँग समेत सहकार्य गरी कार्यक्रम अगाडी बढाइनेछ साथै एकल महिलाहरुलाई संगठित गरि एकल महिला सहकारी संस्था गठन गर्ने व्यवस्था मिलाइनुका साथै गाउँपालिका भित्रका सहकारीहरुको नियमन, प्रर्वद्धन र व्यवस्थापन प्रभावकारी वनाइनेछ ।

२९) स्वास्थ्य नै सम्पति हो भन्ने उक्ति लाई व्यवहारमा कार्यन्वयन गराउन राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालनमा रहेको स्वास्थ्य विमा कार्यक्रम यस गाउँपालिकामा कार्यन्वयनका लागि आवश्यक पहल र्ने नीति लिईनेछ ।

३०) गाउँपालिकामा रहेका स्वास्थ्य सम्वन्धि संस्था र कार्यरत जनशक्ति लाई उच्च मनोवलका साथ सदा उत्प्रेरित भई कोन्ज्योसोम गाउँपालिकावासीको सेवामा लागिरहने कार्यवातावरणको सृजना गरिनेछ र सो को लागि गाउँपालिकाको तर्फवाट गर्नु पर्ने सहयोगमा कुनै कमि हुन दिइने छैन र समय समयमा सरोकारवाला निकाय तथा संघ संस्था संगको सहकार्य तथा समन्वयमा सवै वडाहरुमा विशेषज्ञ सहितको घुम्ति शिविर समेत सञ्चालन गरिनेछ ।

३१) गाउँपालिकाका युवा तथा खेल प्रेमी हरुलाई स्वस्थ्य र अनुशासित वनाई उत्कृष्ट खेलाडी उत्पादनमा सहयोग पुर्‍याउन गाउँपालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ र आगामी आ.व. मा उपयुक्त अवसरमा कोन्ज्योसोम **गाउँपालिका अध्यक्ष कप फुटवल** प्रतियोगिता आयोजना गरिनेछ ।साथै युवाहरुलाई कुलत र दुर्व्यशनिमुक्त वनाउन सुचनाकेन्द्र स्थापना एवम विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

३२) आफ्नो टोलको विकास एवमसफा वनाउन क्रियशिल एवम अभिप्रेरित गराई सो संग सम्वन्धित योजना कार्यक्रम सञ्चालन एवम व्यवस्थापन गर्दै आवश्यक सहयोग, सहजीकरण र अपनत्व सृजना गराउन टोल विकास समिति गठन गर्ने नीति लिइनेछ ।

३३) जेष्ठ नागरिकहरुजिउदो इतिहास हुन उहाँहरु प्रेरणाका श्रोत हुन तसर्थ उहाँहरुलाइ एउटै थलोमा भेला भएर भलाकुसारी तथा अतितका कुराहरुसाटासाट गर्न र जीवनोपयोगि अनुभवहरु आदान प्रदान गर्न गाउँपालिकाका विभिन्न स्थानमा जेष्ठ नागरिक चौतारो निर्माण एवम वृद्धाश्रमका साथै अन्य उपयुक्त कार्यक्रम कार्यन्वयन गर्न प्राथमिकता दिइने छ वावु आमा नपाल्ने सन्तानलाई गा.पा. र वडा वाट सेवा सुविधा वञ्चित गर्ने नीति लिनुका साथै विशेष कार्यक्रम आयोजना गरि जेष्ठ नागरिकलाई सम्मान गर्ने र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकका लागि परिचय पत्र वितरण गर्ने नीति लिइनेछ ।

३४) यस गाउँपालिका क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा,लगायत संघ संस्थाहरुलाई आफ्नो धर्म संस्कृतिको जगेर्नाका लागि प्रोत्साहन गर्नुका साथै गाउँपालिका तथा वडाहरुमा पुस्तकालय स्थापना एवम सञ्चालन गर्ने नीति लिइने छ ।

**पर्यटन , वातावरण व्यवस्थापन तथा विपद व्यवस्थापनतर्फ :**

३५) नेपाल सरकार संघीय मामिला तथा मन्त्रालयल सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप २०६७ लाई कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायसँग छलफल र अन्तरक्रिया कार्यक्रम सन्चालन गरिने छ । प्रत्येक टोलका बाटोहरु, ऐलानी, पर्ति सार्वजनिक खोला किनारका स्थानहरुमा हरियाली प्रवर्द्धन हुने गरी वृक्षारोपण गर्ने कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

३६) नेपाल वहु जातिय, वहुभाषिक, वहु साँस्कृतिक तथा प्राकृतिक सम्पदामा अत्यन्तै धनि रहेको तथ्यलाई हृदयंगम गर्दै यस गाउँपालिका समेत उक्त संभावना प्रचुर मात्रामा भएको गाउँपालिका भएकोले यहाँको सम्भावित आन्तरिक पर्यटन प्रर्वद्धनका लागि पुर्वाधार विकास तथा संलग्न व्यवसायीहरुलाई नियमानुसारको छुट सहितको आवश्यकिय आकर्षक कार्यक्रम समेत तय गरि प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

३७) गाउँपालिकाका वजार क्षेत्रबाट निस्कने फोहोरहरुलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्न सके मोहरमा परिणत गर्न सकिनेर सो कार्यका लागि आवश्यक लगानी, फाइदा र जोखिममा सांझेदारी गरिने अवधारणा अनुसार आगामी दिनमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार फोहोर व्यवस्थापन गर्नेकार्य प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ । सफा गाउँपालिकाको रुपमा कोन्ज्योसोमलाई परिचित गराउन अभियान संचालन गरिने छ । जथाभावि फोहोर गर्नेलाई कानून बमोजिम दण्डित गर्ने नीति लिइने छ । साथै आगामी दिनमा सरोकारवाला संस्थाहरुको सहयोगमा गाउँपालिकालाई **“प्लाष्टिक झोलामुक्त गाउँपालिका”** को रुपमा घोषणा गर्न प्लाष्टिक झोला निषेधित अभियान सञ्चालन गरिनेछ ।

३८) पर्यटन प्रर्वद्धन र आन्तरिक आयको श्रोतको रुपमा विकास गराउन गाउँपालिकाको वडा नं.५ मा रहेको कोन्ज्योसोम प्रतिमा, विभिन्न उपयुक्त स्थानमा भ्यू टावर निर्माण,वडा नं. ५ कै गुप्तेश्वर गुफा एवम मन्दिर, वडा नं.३ को मनकामना तथा वडा नं. ४ मा रहेको पाथिभरा मन्दिर वडा नं. २ को कृष्णप्रणामी मन्दिर लाई सञ्चालन एवम व्यवस्थापनका लागि विशेष पहल गरिने छ ।

**सस्थागत विकास एवं सुशासनतर्फ :**

३९) वढ्दो वेरोजगारी समस्य र त्यस वाट सिर्जित असर तथा प्रभाव वाट व्यक्ति तथा समाजलाई जोगाउन र रोजगारीका माध्यमवाट आर्थिक समृद्धि र राष्ट्र विकासमा टेवा पुर्‍याउन आवश्यक पर्ने सिप र क्षमता अभिवृद्धिका लागि जनताको इच्छा, र गाउँपालिकाको क्षमताले भ्याए सम्म सरोकारवाला निकाय तथा संघसंस्थाको प्रत्यक्ष र परोक्ष सहयोगमा क्षमतामुलक तथा सिपमुलक तालिमको व्यवस्थागरिनेछ र व्यवसाय सञ्चालन तथा वैदेशिक रोजगारीमा जान चाहनेका लागि विना धितो कर्जाको व्यवस्थाका लागि वित्तिय क्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

४०) गाउँपालिकामा सेवाग्राहीले हाल छिटो छरितो एवं प्रभावकारी रुपमा सेवा प्राप्त गर्न सक्नु भएको अवस्था छैन । यो अवस्थालाई जतिसक्दो छिटो हटाउनको लागि स्थायी कर्मचारी माग गर्ने तथा नियमानुसार गाउँपालिका वाटै पदपूर्ति प्रक्रिया अगाडि बढाइने छ । Help Deskस्थापना गरि ताहाँ वाट आवश्यक निःशुल्क फारम वितरण गरिनेछ ।

४१) गाउँपालिका तथा वडा कार्यालयवाट प्रवाह गरिने सेवा लाई प्रभावकारी र व्यवस्थित गर्न सुचना प्रविधिको अधिक्तम उपयोग गर्ने नीति लिइनेछ जसमा आगामी आ.व.मा कर्मचारीको विद्युतिय हाजिरी E- Attendence लागु र CC TV जडान गरिनेछ ।

४२. गाउँपालिकाका कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई शाखा, उपशाखा तथा इकाईहरुको कार्य बोझको आधारमा आन्तरिक शाखा सरुवा, मानव स्रोत परिचालन र पारदर्शी मापदण्ड निर्धारण गरी **राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड तथा सजाय**को व्यवस्था लाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।

४३) सेवाग्राहीले तोकिएको समयमा गुणस्तरिय सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न कर्मचारीको समय पालन र कर्तव्य परायणमा जोड दिइनेछ । र कार्यालयमा रहदाँ कर्मचारीहरुले अनिवार्य रुपमा नेपाल सरकारबाट तोकिएको पोशाक तथा परिचय-पत्र लगाउनु पर्नेछ ।

४४) पदाधिकारी तथा कर्मचारीहरुले कार्यालयमा रहदाँ कानूनले तोकेको आचार संहिता अनुसार पालना गर्न लगाईने छ । साथै सेवाग्राहीलाई सेवा प्रदान गर्दा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिदै शिष्ट एवं नरम व्यवहार तथा छिटो

छरितो **मुस्कान सहितको सेवा** प्रवाह गरिनेछ । साथै हाल गाउँपालिकामा रहेको अस्थायी प्रहरी चौकीलाई **स्थायी रुपमा स्थापना गर्ने र सो को लागि जग्गा तथा भवन निर्माण गर्न** सम्वद्ध निकाय संग समन्वय गरि आवश्यक व्यवस्था मिलाइनेछ ।

४५)स्वीकृत दरवन्दीमा कार्यरत ड्राइभर, कार्यालय सहयोगी पदका कर्मचारीहरुले अवकाश पाएपछि सो पद स्वतः खारेज गरिने र सो सहित सुरक्षा (पाले पहरा), सरसफाई, चिठी पत्र पत्राचार, बाल उद्यान, जस्ता अस्थायी प्रकृतिका कामकाजहरु सेवा करार मार्फत गराउने नीति अवलम्बन गरिनेछ ।

४६)गाउँपालिकाको विकास गतिविधि तथा अन्य क्रियाकलापहरुको जानकारी गराउन समय समयमा बुलेटिन प्रकाशन गरिनेछ र गाउँपालिकाको Website मार्फत सुचित एवम प्रचारप्रसार तथा सार्वजनिक गरिनेछ। र वार्षिक वजेट तथा कार्यक्रम गाउँ सभा वाट पारित भएपछि वेभसाइट तथा पुस्तिका प्रकाशन गरि जानकारी गराइनेछ ।

**आर्थिक तथा राजस्व परिचालनतर्फ :**

४७)गाउँपालिकाको विकास कुनै एक निकायको पहल वाट मात्र सम्भव नहुने र आफ्नो क्षेत्रको विकासको दायित्व नागरिकको पनि भएकोले सो को लागि आवश्यक पर्ने श्रोत को रुपमा गाउँपालिकालाई कर तिर्नु पर्ने दायित्व भएकोले विज्ञको सहयोगमा गाउँपालिका भित्रको करको दायरा र दर पहिचान तथा समायोजन गरिनेछ र गाउँपालिका भित्र व्यापार व्यवसाय गरिरहेका तर दर्ता नगर्ने व्यवसायीलाई निश्चित समयअवधि भित्र सुचिकृत गराउने र नियमानुसार दर्ता नगरेमा जरिवाना गरिनेछ ।

४८) सेवाग्राहीको काम समयमा सम्पन्न गर्न,विश्वसनिय वनाउन र अभिलेख प्रणाली व्यवस्थित वनाउन राजश्व प्रशासन शाखाबाट काटिने आयका सम्पूर्ण कर तथा शुल्कलाई कम्प्यूटर प्रणालीमा समेटी कम्प्यूटर बिलिङ प्रणाली लागू गरिने छ ।

४९)गाउँपालिकाका जनतालाई भविष्यमा आवश्यक पर्ने खुला क्षेत्र व्यवस्थागर्न, गाउँपालिकामा स्थापना हुने शाखा तथा इकाइका लागि भवन वनाउन आवश्यक जग्गा व्यवस्थागर्न र भविश्यमा फोहोर मैला व्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल्ड साइट लगायत विभिन्न प्रयोजनका लागि पर्यप्त स्थान

आवश्यक पर्ने भएकोले आगामी आ.व. देखि नै जग्गा खरिद गर्न सम्भाव्यता अध्ययन एवम श्रोतको व्यवस्थापन गरिनेछ ।

५०. यो गाउँपालिका अत्यन्तै सम्भावनायुक्त गाउँपालिका हो यहा धार्मिक, प्राकृतिक, सामाजिक तथा साँस्कृतिक सम्पदा विविधतायुक्त छ जस्तै कोन्ज्योसोम प्रतिमा, गुप्तेश्वरी मन्दिर, मनकामना मन्दिर, पाथीभरा मन्दिर, भारदेउ लगायत अन्य सम्भावित स्थानमा हाल उपलब्ध रेम्वो ट्राउट माच्छा, ठोस्ने खोलाको असला माच्छाको लागि फिसिङ्ग स्पट चौघरे लगायत अन्य स्थानमा उपलब्ध लालीगुराँश तथा देहाय वमोजिम साइकल यात्रा वा पदमार्ग विस्तारका साथै अन्य प्रचुर सम्भावना जसवाट पर्यटनको प्रर्वद्धन गरि गाउँपालिकालाई थप समृद्ध वनाउन सकिने भएकोले सो को लागि आवश्यक नीति लिइनेछ ।

**पद मार्गहरुः**

क. नल्लुभन्ज्याङ्ग-नल्लुवेशी-पाथीभरा मन्दिर - दलचोकी मनकामना पुरानो वाटो हुदै वासुकी टिकाभैरव चौघरे कोन्ज्योसोम प्रतिमा हुदै गुप्तेश्वर गुफा तथा भारदेउ

ख. भारदेउ- गुप्तेश्वर गुफा- कोन्ज्योसोम प्रतिमा- सिमभन्ज्याङ्ग- टावर- वाघभैरव- काम्लेचौर- दलचोकी मनकामना हुदै पाथीभरा मन्दिर

५१. राजधानीको व्यस्त जनजिवनवाट थोरै भएपनि आराम र पर्यटकिय आनन्द लिन चाहनेहरुलाई लक्ष्यित गरि यस गाउँपालिकाको विभिन्न क्षेत्र र पक्षलाई प्रवर्द्धन गर्न सकिने भएकोले सो को पुर्वाधार निर्माण, प्रचार प्रसार तथा पर्यटक अनुकुल सेवा र सुविधा विस्तारका लागि थप कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

५२. यस गाउँपालिकामा ढुंगा र अन्य खनिजजन्य पदार्थको पर्यप्त सम्भावना भएको क्षेत्र हो नेपाल सरकार, खानी विभाग वाट यस क्षेत्रको ढुंगा खानीको अध्ययन भइ आइ.इ.इ. का लागि वनमन्त्रालय सम्म प्रक्रिय अगाडि वढिसकेकोले थप कार्यका लागि तत्काल पहल गरि उत्खनन को आवश्यक व्यवस्था मिलाइनेछ ।

५३. यस गाउँपालिका भौगोलिक रुपमा पहाडी भुधरातलयुक्त भएको र यहाँ रहेका जंगलहरुमा सल्ला वढि भएको तर सल्ला भएको स्थान सुख्खा हुने उक्त काठ तुलनात्मक रुपमा फाइदाजन्य नहुने भएकोले सरोकारवाला निकाय संगको

समन्वय र सहकार्यमा सल्लाको रुख विरुवा हटाइ चियाखेती विस्तार गर्न आवश्यक योजना र कार्यक्रम सञ्चालन गरिनेछ ।

५४) गाउँपालिका क्षेत्रका सामुदायिक वनहरुवाट वढि भन्दा वढि फाइदा लिन वन सम्वद्ध निकाय तथा वन उपभोक्ता समितिहरु संग समन्वय गरि उक्त वनहरुको उपयोग सम्वन्धि आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. पृथ्वीमा वढ्दै गएको तापक्रम र जलवायु परिवर्तन तथा अन्य विकास निर्माण तथा मानविय क्रियकलाप वाट पानीका मुहानहरु सुक्दै गएकोले हाल पानीको प्रभावकारी व्यवस्थापन तथा मुहान संरक्षणका लागि आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

५६. गाउँपालिकाका जनताको परम्परा, भाषा, संस्कृति, रितिरिवाज र रहनसहन झल्काउने अन्य जातीका साथै हाल चर्चामा रहेको तामाङ्ग संग्रहालयको निर्माण, व्यवस्थापन र सञ्चालन गर्न सरोकारवाला निकायको सहयोग र सहकार्यमा आवश्यक कार्य अगाडि वढाइनेछ ।

५७. राजकिय सेवा सुविधा पुर्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति वााधक, अपायक र असुरक्षित स्थानमा रहेका व्यक्तिहरुका लागि स्थानान्तरण एवम पुर्नवाशका लागि आवश्यक जग्गाको व्यवस्थापन गरि **नमुना सामुहिक आवाश योजना तथा कार्यक्रम** सञ्चालन गरिनेछ

५८. राज्यले घोषणा गरेको आधारभुत शिक्षा अनिवार्य र निशुल्क गर्ने नीतिलाई व्यवहारमा कार्यन्वयन गर्न गाउँपालिकामा भर्ना अभियन तथा अन्य प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. प्रत्येक स्थानीय तहमा न्युनतम १५ शैयको अस्पताल निर्माण गर्ने केन्द्रिय नीतिलाई यस गाउँपालिकामा कार्यन्वयन गराउन सरोकारवाला निकायको सहयोग र सहकार्यमा कार्यन्वयन गर्ने गराउने आवश्यक नीति लिइनेछ ।

६०. सरकारको तर्फवाट उपलव्ध गराइने सवै प्रकारको सेवामा सेवाग्राही एवम जनताको सेवा पाउने अधिकारलाई व्यवहारमा उतार्न र यस कार्यका लागि खटिएका कर्मचारी तथा जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी भइ सेवागर्न गराउन आवश्यक थप पहल गरिनेछ ।

६१. जनताको लागि सञ्चालित योजना तथा कार्यक्रममा जनताको स्वामित्व र अपनत्व वढाउन जनताको आवश्यकता र मागमा आधारित योजना तर्जुमा देखि कार्यन्वयनका सम्पुर्ण चरणमा  जनताको अधिक्तम सहभागिताको सुनिश्चितता गराई योजना तथा नीति निर्माण प्रक्रियलाई पारदर्शि, जवाफदेहि र पुर्वानुमानयोग्य वनाइनेछ ।

६२. गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा अन्य विषयगत कार्यालयवाट सम्पादन गरिने योजना तथा कार्यक्रममा नागरिक एवम उपभोक्ता समितिलाई सहज, सरल र प्रभावकारी वनाउन आवश्यक तालिम तथा प्रशिक्षण सञ्चालन गर्नुका साथै अन्य सहजीकरणका थप उपायहरु कार्यन्वयन गरिनेछ ।

**धन्यावाद!**